# जन भावना क्याम्पसको

## विधान

### प्रस्तावना

जनसहभागितामा सञ्चालित मुनाफारहित सामुदायिक क्याम्पसका रुपमा त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन लिइ गुणस्तारिय शिक्षा प्रदान गरी, लोकतान्त्रिक समावेशी र समतामूलक समाज निर्माण गर्न सक्षम, सुयोग्य, अनुशासित कर्तव्यनिष्ठ र राष्ट्रियताको भावनाले ओतप्रोत भएका नागरिक तयार गर्न यस **जनभावना क्याम्पस**को स्थापना गरिएकोले क्याम्पस सञ्चालन प्रकृयालाई व्यवस्थित गर्न यो विधान बनाई लागु गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१) **सङ्क्षिप्त नाम र प्रारम्भ:**

क) यस विधानको नाम **"जन भावना क्याम्पसको विधान - २०६३"** रहनेछ ।
ख) यो विधान सञ्चालक समितिले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२) **परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा -

क) "ऐन" भन्नाले त्रि.वि.बि. तथा *रा.प.बोर्ड.*सम्बन्धी ऐन तथा अन्य क्षिक्षा सम्बन्धी ऐन सम्भनु पर्नेछ ।

ख) "नियम" भन्नाले त्रि.वि.बि. तथा *रा.प.बोर्ड* सम्बन्धी नियमहरू लाई सम्भनु पर्नेछ ।

ग) "विनियम" भन्नाले यस विधानअन्तर्गत निर्माण गरिने विनियमहरूलाई सम्भनु पर्नेछ ।

घ) "विधान" भन्नाले जन भावना क्याम्पसको विधान २०६३, भन्ने बुभनु पर्नेछ ।

ङ) "क्याम्पस" भन्नाले यस विधानअनुसार स्थापित जन भावना क्याम्पसलाई सम्भनु पर्नेछ ।

च) "सभा" भन्नाले जन भावना क्याम्पस सभालाई सम्भनु पर्नेछ ।

छ) "सञ्चालक समिति" भन्नाले यस जन भावना क्याम्पसको सञ्चालक समितिलाई सम्भनु पर्नेछ।

ज) "क्याम्पस प्रमुख" भन्नाले जन भावना क्याम्पसको क्याम्पस प्रमुखलाई सम्भनु पर्नेछ ।

झ)"प्राध्यापक" भन्नाले क्याम्पसमा अध्यापन गर्ने क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र अन्य प्राध्यापकलाई जनाउनेछ ।

ञ) "कर्मचारी" भन्नाले जनभावना क्याम्पसमा काम गर्ने कर्मचारीलाई सम्भनु पर्नेछ ।

ट) "विद्यार्थी" भन्नाले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई सम्भनु पर्नेछ ।

ठ) "सामुदायिक" भन्नाले समुदायको स्वामित्वमा रहेको, व्यक्तिगत / समूहगत /संस्थागत कुनै पनि किसिमले नाफा आर्जन गर्ने हेतुले नभइ समुदायबाट मुनाफारहित रुपले सञ्चालित क्याम्पस भन्ने जनाउनेछ ।**

ड) "नारा" भन्नाले यस क्याम्पसको सोच अनुसार Be a JBian जनभावना अनुसारको विद्यार्थी वन र Be a good citizen असल नागरिक वन संक्षेपमा Be a JBian Be a good citizen भन्ने सम्भनु पर्छ

ढ) पदाधिकारी भन्नाले संचालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु र सदस्य सचिवलाई सम्भनुपर्नेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

**३. क्याम्पसको नाम र अवस्थिति**

क) यस क्याम्पसको नाम जनभावना क्याम्पस रहेको छ ।

ख) यस क्याम्पस गोदावरी नगरपालिका वडा नं. ११ प्याङगाउँ, ललितपुरमा अवस्थित रहेकोछ ।

**४. उद्देश्य (Objective) :**

(क) न्यूनतम शुल्कमा सर्वसुलभ ढंगले गुणस्तरीय शिक्षा प्रदान गर्नु

(ख) अनुशासित, मर्यादित, तालिम प्राप्त अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने

(ग) अनुसन्धान तथा खोजमुलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने

(घ) समय सापेक्ष नयाँ प्रविधियुक्त कार्यक्रममा जोड दिने

(ङ) विद्यार्थीको सिकाई प्रभावकारी बनाउन विद्युतीय माध्यमहरु (अनलाईन, टिभि र रेडियो) र छापा माध्यम सञ्चालन गर्ने **

## परिच्छेद - २

## क्याम्पस सभा

**५. क्याम्पस सभा :**

शिक्षा क्षेत्रमा यस क्याम्पसले पुर्‍याएको योगदान, यस क्षेत्रभरि फैलिएका विद्यार्थीहरूको आवश्यकता, लोकतान्त्रिक व्यवस्था र समतामूलक शिक्षा प्रणालीको आजको आवश्यकता र समयको माग अनुरूप अझ व्यापक जन सहभागिता जुटाउनुपर्ने आजको मान्यतालाई मनन गरी यस क्याम्पसको अझ बढी सामुदयिकीकरण गर्ने र क्याम्पस व्यवस्थापनलाई थप प्रतिनिधिमूलक तथा सशक्त बनाउन यस क्याम्पस सभाको गठन गरिएको छ ।

**५.१** क्याम्पस सभासदको योग्यता :**

क) नेपाली नागरिक भएको हुनुपर्ने

ख) उमेर १८ वर्ष पुरा भएको हुनुपर्ने

ग) मानसिक अवस्था सन्तुलित भएको

घ) फौजदारी अभियोग प्रमाणित नभएको

**५.२** क्याम्पस सभाको गठन :**

क) तपशिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरु तोकिएको शुल्क बुझाई क्याम्पस सभाको सभासद् हुन आबेदन गर्न सक्नेछन् ।

१) हाल कार्यरत सञ्चालक समितिका सवै सदस्यहरू

२) क्याम्पसमा अध्यापनरत प्राध्यापकहरू

३) शिक्षाविद, शिक्षाप्रेमी, समाजसेवी एवं राजनैतिक व्यक्तित्वहरु

४) क्याम्पसका पूर्व विद्यार्थीहरु

५) क्याम्पस विद्यार्थीका अभिभावकहरू

६) सञ्चालक समितिद्वारा क्याम्पस हितको लागि बाञ्छनीय ठानिएका तर माथि नसमेटिएका व्यक्तिहरू तथा संघ/संस्थाका प्रतिनिधिहरू

७) उपर्युक्त व्यक्तिहरूका अतिरिक्त क्याम्पससित प्रत्यक्ष रूपमा सम्बन्धित निम्न व्यक्तिहरू पनि क्याम्पस सभाका पदेन सदस्य रहनेछन् :-

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

- क्याम्पस रहेको स्थानबाट राष्ट्रिय विधायिका र प्रदेश सभामा प्रत्यक्ष तर्फबाट निर्वाचित जनप्रतिनिधि
- ललितपुर जिल्ला समन्वय समितिका संयोजक र सह संयोजक
  गोदावरी नगरपालिकाका प्रमुख, उपप्रमुख र क्याम्पस रहेको स्थानिय वडाका अध्यक्ष,
- क्याम्पसको सेवा क्षेत्रभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु पध्येबाट सञ्चालक समितिले मनोनयन गरेको १ जना सदस्य**

८) पदेन सदस्यबाहेक अन्य सभासद्हरूले क्याम्पसले तोकेको सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

९) पदेन सदस्य बाहेक प्रथम क्याम्पस सभा पश्चात आवेदन दिएका आवेदकहरु सञ्चालक समितिले निर्णय गरे पश्चात सदस्य हुन सक्नेछन ।

१०) दफा ५.१ (क) को २, ४ ,५ बाट प्रतिनिधित्व हुने क्याम्पस सभा सदस्यहरु बढिमा कुल सभासदको २०% सम्म हुन सक्नेछन् ।

**ख) क्याम्पस सभाको काम, कर्तब्य र अधिकार :**

१. क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक आदि पक्षको विकासमा मार्गदर्शनको भूमिका खेल्ने।

२. क्याम्पसको वार्षिक कार्यक्रम छलफल गरी अनुमोदन गर्ने ।

३. आवश्यकता अनुसार समिति तथा उप-समितिहरू गठन गर्ने ।

४. क्यम्पसको विकासमा दीर्घकालीन योजना स्वीकृत गर्ने तथा दीर्घकालीन सोच बनाउने।

५.सञ्चालक समितिलाई आवश्यक परामर्श दिने ।

६. लेखपरीक्षकको नियुक्ति क्याम्पस सभाबाट हुने छ। लेखापरीक्षकको नियुक्ति गर्न क्याम्पस सभाले सञ्चालक समितिलाई जिम्मेवारी दिन पनि सक्ने छ ।

७. सञ्चालक समितिद्वारा पेश भएका विधान संसोधन स्वीकृति गर्ने । विधान संसोधनको लागि कूल सदस्य संख्याको दुई तीहाई क्याम्पस सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र विधानको कुनै दफा संसोधन वा खारेज हुनेछ ।

**ग) क्याम्पस सभाको बैठक :**

यस सभाको बैठक साधारणतया वर्षमा एक पटक क्याम्पस सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्नेछ । तर एक तिहाई क्याम्पस सभासद्हरुले लिखित रूपमा सभा गराउनका निम्ति क्याम्पस सञ्चालक समितिका अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा एक महिनाभित्र अध्यक्षले क्याम्पस सभा बोलाउनु पर्नेछ ।

**घ) क्याम्पस सभाको बैठकको गणपूरक सङ्ख्या :**

उक्त बैठक बस्नका लागि प्रथम पटक ५१ प्रतिशत सदस्यहरू उपस्थित नभएमा दोस्रो पटक कम्तिमा एक तिहाई सभासद्हरू उपस्थित हुनुपर्नेछ । बैठकको निर्णय बहुमतबाट हुनेछ ।

**ङ) पदावधि र नवीकरण :**

सभासदहरूको पदावधि ५ वर्षको हुनेछ र निजहरुको सदस्यता नवीकरण हुन सक्नेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

सभासदहरुको वार्षिक नविकरण शुल्क क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**च) संचालक समितिको भूमिका :**

क्याम्पस सभाका सम्भावित सभासद्हरूको नामावली तयार गर्ने, क्याम्पस सभाको प्रारम्भिक बैठक आह्वान गर्ने र क्याम्पस सभा गठन गर्न आवश्यक प्रारम्भिक कार्य गर्ने सबै कार्य क्याम्पसमा हाल कार्यरत सञ्चालक समितिबाट गरिनेछ ।

## परिच्छेद - ३

## सञ्चालक समिति

**६. सञ्चालक समितिको गठन :**

क) क्याम्पस सभाले क्याम्पस सञ्चालनको निमित्त १५ सदस्य सञ्चालक समितिको गठन गर्नेछ । ख) सञ्चालक समितिको गठन निम्न अनुसार हुनेछ ।

१. सभासद्हरू मध्येबाट निर्वाचित - अध्यक्ष

२. सभासद्हरुमध्येबाट कम्तिमा एक महिला सहित निर्वाचित ७ जना - सदस्य

३. गोदावरी नगरपालिकाका प्रमुख - सदस्य

४. क्याम्पसको सेवा क्षेत्रभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट सञ्चालक समितिले मनोनयन गरेको १ जना - सदस्य**

५. प्राध्यापक प्रतिनिधि १ जना - सदस्य

६. सञ्चालक समितिले क्याम्पस सभा सदस्यहरु मध्येबाट मनोनित २ जना - सदस्य

७. सम्बन्धन दिने विश्वविद्यालयका प्रतिनिधि १ जना - सदस्य

८. क्याम्पस प्रमुख - सदस्य सचिव

९. क्याम्पसको निवर्तमान संचालक समितिका पदाधिकारी, क्याम्पस रहेको वडाको वडाअध्यक्ष आवश्यकता अनुशार आमन्त्रित गर्न सकिनेछ ।

ग) क्याम्पस सभासद्हरू मध्येबाट ७ जना सदस्यहरू र एकजना अध्यक्ष गरी जम्मा ८जना व्यक्तिहरू क्याम्पस सञ्चालक समितिका लागि निर्वाचित हुनेछन् ।

घ) सञ्चालक समितिका निर्वाचित र मनोनित गरि जम्मा १० जना सदस्यहरू मध्येबाट एकजना उपाध्यक्षको निर्वाचन पनि सञ्चालक समितिबाटै गरिनेछ । अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिको अध्यक्षता उपाध्यक्षले ग्रहण गर्नेछन् ।

ङ) सञ्चालनक समितिको पदावधि ४ वर्षको हुनेछ तर क्याम्पस सभाको दुई तिहाई बहुमतद्वारा कारण खोली सो पदावधि पूरा हुनु अगावै सभाको बैठकले प्रस्ताव पास गरी पुनर्गठन गर्न सक्नेछ । पुनर्गठन गर्दा विधानमा तोकिएको कार्यविधि अपनाउनु पर्नेछ । यदि कुनै विशेष कारणले समयावधि भित्र क्याम्पस सभा हुन नसकेमा क्याम्पस सञ्चालक समितिले ६ महिना पदावधि थप गर्न सक्नेछ ।**

च) क्याम्पस हितका लागि सञ्चालक समितिले विभिन्न समिति तथा उप-समितिहरू गठन गर्नसक्नेछ तर हालका लागि यसले नियमावली समिति, लेखा समिति, पदपूर्ति समिति र आर्थिक समिति गठन गर्नेछ र उक्त समितिहरूको काम, कर्तव्य र अधिकार तोक्नेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

## ७. क्याम्पस सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :

क) त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, नेपाल सरकारतथा उच्च माध्यमिक शिक्षा परिषद्‌को निर्देशन पालना गर्ने ।

ख) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र पदपुर्ति समिति मार्फत सिफारीस भई आएका प्राध्यापक कर्मचारीको स्तर निर्धारण गर्ने तथा स्थायि/अस्थायि नियुक्ति दिने ।

(ग) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र सेवा आयोग/पदपुर्ति समिति मार्फत सिफारिस भइ आएका प्राध्यापक-कर्मचारीहरूको स्तर निर्धारण गर्ने तथा स्थायी/अस्थायी नियुक्ति दिने ।

घ) क्याम्पसको व्यवस्थापन र सञ्चालनको सम्पूर्ण कर्तव्य र अधिकार वहन गर्ने ।

ङ) क्याम्पसको निरीक्षण गर्नुका साथै स्तरीय शैक्षिक वातावरण तयार गर्ने ।

च) क्याम्पस सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

छ) क्याम्पस सभामा प्रस्तुत गरिने कार्यक्रम, आय-व्ययको विवरण, प्रगति विवरण, लेखा परीक्षण र अन्य प्रस्तावहरू क्याम्पस सभामा प्रस्तुत गर्ने ।

ज) क्याम्पसको सम्पूर्ण कोष, चल अचल सम्पत्तिको व्यवस्था तथा संरक्षण गर्ने ।

झ) प्राध्यापकहरु तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने र नसिहत दिने ।

ञ) यस विधानको सीमाभित्र रही क्याम्पस सञ्चालनका निम्ति आवश्यक नीति निर्धारण गर्ने, नियम बनाउने र कार्यान्वयन गर्ने गराउने ।

ट) आफूमा निहित अधिकारहरु मध्ये नियमित रुपमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक अधिकार क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने ।

(ठ) त्रैमाशिक रुपमा क्याम्पस प्रमुखले पेश गरेको आर्थिक प्रतिवेदन अनुमोदन गर्ने ।

## ८. सञ्चालन समितिको बैठक र कार्यविधि :

क. क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा तीन महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि वैठक वस्न सक्नेछ ।

ख) सदस्य सचिवले अध्यक्षको अनुमति लिई सामान्यतः २ दिनको पूर्व सूचना दिई बैठक बोलाउनेछ तर विशेष परिस्थितिमा २४ घण्टाको पूर्व सूचना दिई बैठक बोलाउन सक्नेछ ।

ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले, र दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रुपमा निर्णय पूस्तिकामा लेखी उपस्थित सदस्हरुको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

ङ) कुल सदस्यको ५१% सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारण बहुमतद्धारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा सम्पूर्ण सदस्य संख्याको ५१% सदस्हरुले लिखित रुपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउन लगाउनेछ । सो माग गरेको ७ दिनभित्र बैठक नबोलाएमा उपाध्यक्षले ७ दिनभित्रै बैठक बोलाउनु पर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

९. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णयक मत दिने ।

ख) सञ्चालनक समितिको बैठक बोलाउन सदस्य सचिवलाई आदेश दिने ।

ग) क्याम्पस सञ्चालक समिति र सभाद्वारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने ।

घ) क्याम्पस प्रमुखको काज एकपटकमा १५ दिनमा नबढाई अध्यक्षले स्वीकृत गर्नसक्ने ।

ङ) यस विधानभित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।

च) क्याम्पस व्यवस्थापन र सञ्चालनका लागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१०. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः :**

क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

ग) अध्यक्ष र सञ्चालक समितिले उपाध्यक्षले गर्ने भनी तोकिएका कार्यहरू गर्ने ।

११. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्ष र सञ्चालक समितिको आदेश र निर्णय सूची तयार गर्ने ।

ख) वार्षिक कार्यक्रम र अर्धवार्षिक प्रगति तयार पारी सञ्चालक समितिमा पेस गर्ने ।

ग) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरुको कार्यान्वयन गर्ने ।

१२. **सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) क्याम्पस हितको निमित्त रचनात्मक धारणा राखी तदनुसार सुझावहरू दिने ।

ख) क्याम्पस सभा र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

ग) अध्यक्ष र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

घ) अध्यक्ष र सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

१३. **पद रिक्तता :**

सञ्चलक समितिका पदाधिकारी तथा सदस्यहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क) आफ्नो पदबाट लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा

ख) क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा

ग) समितिको बैठकमा लगातार ३ पटकसम्म विनासूचना अनुपस्थित रहेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा

ङ) पदावधि पूरा भएमा

च) सदस्य/पदाधिकारीको मृत्यु भएमा ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

छ) अविश्वसको प्रस्ताव दर्ताभई दुई तीहाई सभासद्ले पारित गरेमा । अविश्वासको प्रस्ताव दर्तागर्न एक तीहाई सभासद्ले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

## परिच्छेद - ४

## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुख

**१४. क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार :**

क) क्याम्पस प्रमुख प्रशाासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ । स्थायी प्राध्यापक मध्येबाट शैक्षिक नेतृत्व वहन गर्न सक्ने व्यक्ति क्याम्पस प्रमुखमा नियुक्ति गर्न सकिनेछ । निजको पदावधि सामान्यतया ४ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ ।

ख) क्याम्पसको सबै दैनिक कामकारवाही माथि क्याम्पस प्रमुखको नियन्त्रण रहनेछ ।

ग) क्याम्पस सभा र सञ्चालक समितिको निर्णय क्याम्पस प्रमुखले कार्यान्वयन गर्नुपर्नेछ ।

घ) क्याम्पस प्रमुख पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

ङ) यस विधान र यसअन्तर्गत बन्ने नियम विनियमको पालना गर्नु गराउनु क्याम्पस प्रमुखको कर्तव्य हुनेछ र क्याम्पस प्रमुखको विचारमा कामकारवाही नगरी नहुने आकस्मिक अवस्था आइ परेको छ भन्ने लागेमा अध्यक्षसँग समन्वय गरी आवश्यक देखेको उचित कामकारवाही गर्न सक्नेछ । सो कामलाई सञ्चालक समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

**१५. सहायक क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार :**

क) सहायक क्याम्पस प्रमुखको पदावधि सामान्यतया २ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ

ख) क्याम्पस प्रमुखको कार्य सम्पादनमा सहयोग र सहायता दिने ।

ग) क्याम्पस प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

घ) यस विधानमा उल्लिखित र समितिले तोकेको अन्य कार्य गर्ने ।

**१६. कार्यक्रम संयोजक :**

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१७. शिक्षण विभाग तथा विभागीय प्रमुख :**

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद -५

**१८. प्राध्यापक र कर्मचारी आचरण सम्बन्धी व्यवस्था :**

क) क्याम्पसको विकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरि प्राथमिकता दिनुपर्नेछ ।

ख) क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सवै प्राध्यापक र कर्मचारीले सहयोग गर्नु पर्नेछ।

ग) क्याम्पसमा भएका कामकारवाही, पत्र आदिको बारेमा गोपनियता राख्नु पर्नेछ ।

घ) क्याम्पसभित्र आफ्नो आचरण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नु पर्नेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

ङ) आफूलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहनगर्नु सम्पूर्ण प्राध्यापक तथा कर्मचारीको नैतिक जिम्मेवारी हुनेछ ।

**१९. विद्यार्थी आचारसंहिता :**

(क) यस क्याम्पसका विद्यार्थीको आचारसंहिता शैक्षिक प्रशासन विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) आचारसंहिता पालना गराउने काम क्याम्पस प्रशासनको हुनेछ ।

**२०. सञ्चालक समितिको आचारसंहिता :**

(क) क्याम्पसको विकास र हितलाई सर्वोपरी प्राथमिकता दिनुपर्ने ।

(ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न नहुने ।

(ग) क्याम्पसको हित विपरीत कार्य गर्न र गोपनीयता भंग गर्न गराउन नहुने ।

(घ) क्याम्पसको नियमावली र नियमहरूको पालना गर्नुपर्ने ।

**२१. शिक्षक र कर्मचारी आचारण सम्बन्धी व्यवस्था :**

(क) क्याम्पसको विकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरी प्राथमिकता दिनुपर्नेछ ।

(ख) क्याम्पसमा आइपरेका समस्य समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नु पर्नेछ ।

(ग) क्याम्पसमा भएका काम कारवाही, पत्र आदिको बारेमा गोपनियता राख्नु पर्नेछ ।

(घ) क्याम्पसभित्र आफ्नो आचारण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ ।

(ङ) आफुलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहन गर्नु सम्पुर्ण शिक्षक तथा कर्मचारीको नैतिक जिम्मेवारी हुनेछ ।

## परिच्छेद - ६

## निर्वाचन सम्बन्धि व्यवस्था

२२. क्याम्पस सञ्चालक समितिले यस विधानले तोकेको अवधिभित्र सञ्चालक समितिका अध्यक्ष र ७ जना सदस्यको निर्वाचन गराउनका लागि क्याम्पस सभाका सदस्य मध्येबाट एकजनालाई निर्वाचन अधिकृतमा छनौट गर्नेछ । निजले तोकेको अवधिभित्र निश्चित प्रक्रिया पुर्‍याई निर्वाचन सम्पन्न गराईसक्नु पर्नेछ ।

२३. प्राध्यापक संघ र विद्यार्थी गुणस्तर समूह/बिद्यार्थी परिषद बिनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद -७

**२४. विविध :**

क) यही विधानअन्तर्गत रही क्याम्पसको आवश्यकताअनुसार विनियम बनाउन सकिनेछ ।

ख) माथि नसमेटिएका सम्पूर्ण कार्यहरू क्याम्पस सञ्चालक समितिले गर्ने गराउनेछ ।

ग) क्याम्पस सञ्चालन हुन नसकि बन्द भएमा यस क्याम्पसको चलअचल सम्पत्ति नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने (सार्वजनिक) विश्वविद्यालयको स्वामित्वमा जानेछ ।

* प्रथम संसोधन २०७३, ** दस्रो संसोधन २०७८

घ) क्याम्पसको स्वामित्वमा रहेको र भविष्यमा रहन आउने चल अचल सम्पती ,सञ्चालक समितिको निर्णयले खरिद र विकी गर्न सकिने छ ।*

---

जन भावना क्याम्पस

*गोदावरी नगरपालिका वडा नं-११, चापागाउँ, ललितपुर**

******